# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक १८० | बुटवल | २०८३ असार २१ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday July 05, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## लुम्बिनीकर्मी पराजुलीको निधन



परासी । लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकाका नवलपरासी संवाददाता एवं नेपाल पत्रकार महासंघ पश्चिम नवलपरासी शाखाका अध्यक्ष केशव पराजुलीको निधन भएको छ । उनको शनिबार बिहान ७ बजे उपचारको क्रममा पृथ्वी चन्द्र अस्पतालमा निधन भएको हो । उनी लामो समयदेखि पत्रकारितामा सक्रिय थिए ।

उनले जिल्लाको सामाजिक, आर्थिक, राजनीतिक तथा विकासका मुद्दालाई प्राथमिकताका साथ उजागर गर्दै स्थानीय पत्रकारिताको स्तर उकास्न महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । पत्रकार महासंघको नेतृत्व सम्हालेपछि उनले पत्रकारहरूको क्षमता अभिवृद्धि, पेशागत एकता, सञ्चारमैत्री वातावरण निर्माण तथा नयाँ पुस्ताका पत्रकारलाई प्रोत्साहन गर्ने कार्यलाई विशेष प्राथमिकता दिएका थिए ।

उनको निधनप्रति पत्रकार, राजनीतिक दल, विभिन्न संघसंस्था तथा शुभेच्छुकहरूले गहिरो दुःख व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गरेका छन् । उनको निधनले पश्चिम नवलपरासीको पत्रकारिता क्षेत्रमा अपूरणीय क्षति पुगेको भन्दै उनले पुऱ्याएको योगदान सधैं स्मरणीय रहने प्रतिक्रिया व्यक्त गरिएको छ ।

## जेन–जी आन्दोलनका घटनाका मुद्दाको पेशी रोक्न निर्देशन

बुटवल । महान्यायाधिवक्ताको कार्यालयले जेन-जी आन्दोलनताकाका घटनासँग सम्बन्धित फौजदारी अभियोगका मुद्दाको पेशी स्थगित गर्न सरकारी वकिल कार्यालयलाई निर्देशन दिएको छ ।

देशभरका उच्च र जिल्ला सरकारी वकिल कार्यालयलाई शुक्रबार पत्र पठाएर त्यस्ता मुद्दाहरूको पेशी स्थगित गर्न भनेको हो । गृह मन्त्रालयको यही असार १८ गतेको निर्णयअनुसार २०८२ भदौ २३-२४ का घटनाहरूमा लागेका फौजदारी अभियोगका मुद्दाहरू फिर्ता गर्न सकिने वा नसकिने सम्बन्धमा छानबिन गरी सिफारिससहितको प्रतिवेदन पेस गर्न कार्यदल बनेर प्रक्रियामा रहेको पत्रमा उल्लेख छ ।

सहायक न्यायाधिवक्ता विश्वास तिमिल्सिनाद्वारा हस्ताक्षरित पत्र अनुसार, सोही कार्यदलको प्रतिवेदन पेस नभएसम्मका लागि उक्त दिनका घटनामा संलग्न भएकै कारण दायर गरिएका फौजदारी मुद्दाहरूको सुनुवाइ प्रक्रिया हाललाई रोक्न भनिएको छ ।

## सरकारद्वारा सय दिनका उपलब्धि सार्वजनिक

सरकारले आफ्ना सय दिनको मुख्य 'उपलब्धि' सार्वजनिक गरेको छ । शनिबार सिंहदरबारमा पत्रकार सम्मेलन गरी सरकारको उपलब्धि सार्वजनिक गरिएको हो ।


» *समाचार पृष्ठ ४ मा*


# दैनिक ७६ लाख लिटरमध्ये १७ प्रतिशत दूध मात्रै लेबलिङ र प्याकेजिङ

**दूध बजारको ठूलो हिस्सा खुला र अनौपचारिकरूपमा कारोबार हुँदा गुणस्तरमाथि प्रश्न उठ्ने र राज्यले ठूलो मात्रामा राजस्व समेत गुमाइरहेको व्यवसायीको गुनासो छ ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*



नेपाल डेरी एशोसिएसनले दुग्धजन्य पदार्थमा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट) तत्काल हटाउन सरकारसँग माग गरेको छ । भ्याटका कारण डेरी उद्योगको उत्पादन लागत बढेको, बजारमा स्वदेशी उद्योगको प्रतिस्पर्धात्मक क्षमता कमजोर बनेको तथा त्यसको प्रत्यक्ष असर दुग्ध उत्पादक किसान र उपभोक्तामा परेको भन्दै एशोसिएसनले कर नीति पुनरावलोकन गर्न आग्रह गरेको हो ।

बुटवलमा सम्पन्न एशोसिएसनको तेस्रो कार्यसमिति बैठकपछि आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष प्रल्हाद दाहालले दूध विलासिताको वस्तु नभई दैनिक उपभोगको अत्यावश्यक खाद्यवस्तु भएकाले यसमा लगाइएको भ्याट तत्काल खारेज गर्नुपर्ने बताए । यस्तै एशेसिएसनले विद्युत् महसुलमा पनि छुट दिन माग गरेको छ । विद्युत् प्राधिकरणले भारतलाई बिक्री गर्ने दर रेटमै डेरी व्यवसायीलाई महसुलमा छुट दिनुपर्ने एशोसिएसनको माग छ ।

'दुग्धजन्य पदार्थमा भ्याट लगाउँदा त्यसको भार उद्योगले मात्र होइन, किसान र उपभोक्ताले पनि बेहोर्नुपरेको छ, सरकारले दूधलाई राजस्व उठाउने माध्यमका रूपमा होइन, खाद्य सुरक्षा, पोषण र ग्रामीण अर्थतन्त्रसँग जोडिएको रणनीतिक उत्पादनका रूपमा हेर्नुपर्छ,' दाहालले भने-'भ्याट हटाइएन र विद्युत् महसुलमा छुट दिइएन भने यसले स्वदेशी डेरी उद्योगलाई झन् कमजोर बनाउनेछ, पशुपालक किसान र डेरी व्यवसायी पेशाबाट पलायन हुने जोखिम छ ।'

उत्पादन लागत निरन्तर बढिरहेका बेला करको थप भारले उद्योग सञ्चालन नै कठिन बन्दै गएको अध्यक्ष दाहालले बताए ।

विद्युत् महसुल, प्याकेजिङ सामग्री, ढुवानी, पशु आहार र अन्य उत्पादन खर्च बढिरहेका कारण उद्योगहरू दबाबमा रहेको उनले जनाए ।

'दुग्ध क्षेत्रमा लगाइएको भ्याटले किसानको दूधको मूल्यमा असर गर्छ भने उद्योगको लागत बढेपछि किसानले उचित मूल्य पाउन सक्दैनन् र उपभोक्ताले महँगोमा दुग्धजन्य पदार्थ किन्न बाध्य हुन्छन्,' दाहालले भने-'त्यसैले भ्याट हटाउनु उद्योगीको मात्र होइन, किसान र उपभोक्ताको पनि साझा माग हो ।'

**१७ प्रतिशत मात्र लेबलिङ तथा प्याकेजिङसहित**

अध्यक्ष दाहालले नेपालमा हाल दैनिक करिब ७६ लाख लिटर दूध उत्पादन हुने गरेको र त्यसमध्ये करिब ३८ लाख लिटर दूध मात्रै बजारमा आउने गरेको बताए । बजारमा आउने दूधमध्ये जम्मा १७ प्रतिशत मात्र लेबलिङ तथा प्याकेजिङसहित औपचारिक बजारमार्फत बिक्री हुने र बाँकी दूध खुला तथा अनौपचारिक रूपमा कारोबार हुने भएकाले राज्यले राजस्व समेत गुमाइरहेको दाहालले बताए ।

अध्यक्ष दाहालले विद्युत् महसुलमा पनि छुट दिएर उत्पादन लागत घटाउने, उन्नत जातका पशुपालनलाई प्रोत्साहन गर्ने, उद्योगमैत्री कानुन बनाउने, एकद्वार दर्ता प्रणाली लागू गर्ने तथा झन्झटिला कानुनी प्रक्रिया संशोधन गर्ने हो भने नेपाल केही वर्षभित्रै दुग्धजन्य पदार्थमा आत्मनिर्भर मात्र नभई निर्यात गर्ने मुलुक बन्न सक्ने जनाए ।

एशोसिएसनका महासचिव हेमचन्द्र बरालका अनुसार नेपालमा साना, मझौला, ठूला तथा घरेलु गरी करिब ६ हजार डेरी व्यवसाय सञ्चालनमा रहेकार तीमध्ये करिब ४ सय उद्योग दर्ता भएर लेबलिङ र प्याकेजिङसहित औपचारिक रूपमा सञ्चालनमा रहेका छन् ।

उनले सरकारले दुग्ध क्षेत्रलाई उद्योगका रूपमा नभई ग्रामीण अर्थतन्त्रको मेरुदण्डका रूपमा लिनुपर्ने बताए । 'देशभर करिब ६ लाख किसान परिवार प्रत्यक्ष रूपमा दुग्ध उत्पादनमा निर्भर छन् भने डेरी उद्योगले करिब ६० हजार जनालाई प्रत्यक्ष रोजगारी दिएको छ, यसकारण डेरी व्यवसायलाई अर्थतन्त्रको मेरुदण्ड मान्न सकिन्छ ।'-बरालले भने ।

बरालले सरकारले निजी, सरकारी र सहकारी क्षेत्रबिच विभेद कायम राखेका र उत्पादनमुखी नीति अवलम्बन नगरे डेरी क्षेत्रमा गरिएको अर्बौं रुपैयाँको निजी लगानी समेत जोखिममा पर्न सक्ने चेतावनी दिए ।

'सरकारले निजी, सरकारी र सहकारी क्षेत्रबीच विभेद नगरी समान अवसर, समान अनुदान र समान सहुलियतको नीति लागू गर्नुपर्छ,' बरालले भने-'दुग्ध क्षेत्र कुनै एक क्षेत्रको होइन, राष्ट्रकै साझा सम्पत्ति हो, उत्पादन, गुणस्तर र लगानीका आधारमा सबै उद्योगलाई समान व्यवहार गरिए मात्रै स्वस्थ प्रतिस्पर्धा, गुणस्तरीय उत्पादन र किसानको समृद्धि सुनिश्चित हुन्छ ।'

पत्रकार सम्मेलनमा एशोसिएसनका सल्लाहकार हिराबहादुर खत्रीले निजी क्षेत्रबाट मात्र डेरी उद्योगमा ६० अर्ब रुपैयाँभन्दा बढी लगानी भएको र यस क्षेत्रबाट राज्यले वार्षिक करिब २ अर्ब रुपैयाँ राजस्व प्राप्त गरिरहेको बताए । दैनिक उत्पादन हुने दूधबाट करिब २४ करोड ७० लाख रुपैयाँ बराबरको कारोबार हुने र करिब १० करोड रुपैयाँ बराबरको नगद प्रवाह ग्रामीण क्षेत्रसम्म पुग्ने गरेकोले दुग्ध व्यवसाय कृषि क्षेत्रकै सबैभन्दा बढी नगद प्रवाह हुने व्यवसायमध्ये एक बनेको खत्रीले बताए ।

एशोसिएसनका अर्का सल्लाहकार मेघराज भण्डारीले दुग्ध क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारका रूपमा संरक्षण गर्नुपर्ने र दुग्ध व्यवसायीलाई सरकारले आधुनिक प्रविधि हस्तान्तरण गर्नुपर्ने माग गरे ।

एशोसिएसनका लुम्बिनी प्रदेश अध्यक्ष थानेश्वर न्यौपानेले डेरी उद्योगमा प्रयोग हुने मेसिन तथा उपकरणमा भन्सार छुट, विद्युत् महसुलमा विशेष सहुलियत, पशु बीमाको प्रभावकारी व्यवस्था, दूध संकलन केन्द्र तथा चिस्यान केन्द्रको विस्तार, औद्योगिक ग्राम स्थापना, निर्यातयोग्य दुग्धजन्य वस्तुको पहिचान तथा निर्यात प्रवर्द्धनका लागि विशेष कार्यक्रम ल्याउन सरकारसँग माग गरे ।

एशोसिएसनले आधुनिक प्रविधि हस्तान्तरणलाई प्राथमिकता दिने निर्णय पनि गरेको छ ।

# पठन संस्कृति बढाउँदै न्यू होराइजन बुक क्लब

**बुक क्लबले पाँच वर्षमा ५१औं श्रृंखला पूरा गरेको छ भने करिब तीन हजार विद्यार्थी र १५ सयभन्दा बढी अभिभावक प्रत्यक्ष सहभागी भएका छन् ।**



बुटवल । पछिल्ला वर्षहरुमा आम अभिभावकको टाउको दुखाई बनेको छ- छोरा-छोरीले मोबाइल फोनको अत्यधिक प्रयोग गर्ने बानी (लत) । मोबाइल फोनको अत्यधिक प्रयोगले स्कुल र कलेज पढ्ने विद्यार्थीहरुको पढाई-लेखाईमा असर त परेको छ नै, उनीहरुमा सिर्जनशिलता, सामाजिक भावना, पारिवारिक आत्मीयता पनि हराउन थालेको अनुभूति हुन थालेको छ ।

यस्तो अवस्थालाई सुधारेर विद्यार्थीमा पठन संस्कृति विकास गर्न र पढाई लेखाईमा ध्यान केन्द्रित गराउन न्यू होराइजन अंग्रेजी आवासीय माध्यमिक विद्यालय बुटवलले पाँच वर्षअघि न्यू होराइजन बुक क्लब गठन गऱ्यो ।

विद्यालयका उप-प्राचार्य राजीव श्रेष्ठको मार्ग निर्देशनमा गठन भएको न्यू होराइजन बुक क्लबले साँच्चिकै विद्यार्थीमा पठन संस्कृति विकास गराउनुका साथै उनीहरुलाई मञ्च/स्टेजमा उभिएर निर्धक्कका साथ बोल्न सक्ने, नेतृत्व विकास गर्न पनि सिकाएको छ । पुस्तक समीक्षाको ५१औं संस्करणसम्म आइपुग्दा विद्यालयका ८ कक्षासम्मका विद्यार्थीहरुले अनुभवी लेखक समीक्षक जस्तै पुस्तकहरुको समीक्षा र व्याख्या गर्न सक्ने भएका छन् ।

२०७९ सालमा उप-प्राचार्य राजीव श्रेष्ठको मार्गनिर्देशनमा क्लब इञ्चार्ज सीमा विष्ट र सह-इञ्चार्ज आजिजुर रहमान रहने गरी न्यू होराइजन बुक क्लबको औपचारिक शुभारम्भ गरिएको थियो । प्रारम्भिक चरणमा कक्षा ८ देखि १२ सम्मका सबैभन्दा बढी पुस्तक पढ्ने विद्यार्थीमध्ये प्रत्येक कक्षाबाट दुई/दुई जना उत्कृष्ट प्रतिनिधि छनोट गरी पुस्तक समीक्षा कार्यक्रममा सहभागी गराउने व्यवस्था गरिएको उप-प्राचार्य श्रेष्ठले बताए । पहिलो वर्ष करिब सय जना विद्यार्थीलाई क्लबमा आबद्ध गराइएको थियो । 'कोरोना महामारीको प्रतिकूल असरका बाबजुद पनि विद्यार्थीलाई विभिन्न पुस्तक अध्ययनका लागि प्रेरित गरिएको थियो, २०८० सालदेखि क्लबलाई थप व्यवस्थित बनाइएपछि निरन्तर अध्ययन गर्ने विद्यार्थीको संख्यामा उल्लेखनीय वृद्धि भएको हो,' उप-प्राचार्य श्रेष्ठले भने-'मोबाइल फोनको अत्यधिक प्रयोगले बालबालिकाको आँखा, मानसिक तथा शारीरिक स्वास्थ्यमा नकारात्मक असर परेपछि अभिभावकबाट आफ्ना सन्तानलाई पुस्तक पढ्ने बानीको विकास गराउन अनुरोध आउने गरेको छ ।'

बुक क्लबले पठन संस्कृतिलाई विद्यालय र समुदायमा संस्थागत रूपमा विस्तार गर्ने प्रमुख लक्ष्य लिएको तथा विद्यार्थीमा पढ्ने बानीसँगै नेतृत्व विकास र तार्किक क्षमताको अभिवृद्धि गर्न सकारात्मक भूमिका खेलेको उप-प्राचार्य श्रेष्ठले बताए ।

अभिभावकको अनुरोध अनुसार इच्छुक विद्यार्थीलाई क्लबमा आबद्ध गराई विभिन्न पुस्तक अध्ययन, समीक्षा तथा मञ्चमा उभिएर बोल्ने अभ्यास गराइएको बुक क्लबकी इञ्चार्ज सीमा विष्टले बताइन् ।

'प्रत्येक महिनाको अन्तिम शनिबार अभिभावकको उपस्थितिमा पुस्तक समीक्षा कार्यक्रम गर्दै आएका छौं, यसले विद्यार्थीहरुमा पुस्तक पढ्नुपर्छ भन्ने भावनाको विकास गरायो,' विष्टले भनिन्-'पुरस्तक राम्रोसँग पढेर त्यसको समीक्षा पनि गर्नुपर्ने भएपछि विद्यार्थीहरुमा मोबाइल प्रयोग गर्ने बानी स्वतः कम हुँदै गयो, यो कुरा अरु विद्यार्थी र अभिभावकले पनि अनुशरण गर्न थालेका छन् ।'

२०८१ सालदेखि भने न्यू होराइजन बुक क्लबले पुस्तक पठन कार्यलाई विद्यालयभित्र मात्र सीमित नराखी संस्कृतिकै रूपमा विकास गर्न थप जनशक्ति विस्तार गरेको प्राचार्य बासुदेव अर्याललले बताए । पछिल्ला वर्षहरुमा स्कूल-कलेज पढ्ने विद्यार्थीहरुमा मोबाइल फोनको प्रयोग कूलतको रुपमा विकास हुँदै गएको चिन्ताजनक अवस्था रहेको भन्दै प्राचार्य अर्याललले न्यू होराइजनले यसलाई रोकेर पठन संस्कृतिमार्फत् विद्यार्थीलाई संस्कारी, अनुशासित बनाउन प्राथमिकता दिएको बताए ।

'विद्यालयका सम्पूर्ण नेपाली तथा अंग्रेजी विषयका शिक्षकहरूको सक्रिय सहभागितामा हरेक शनिबार पुस्तक समीक्षालाई निरन्तरता दिएका छौं, यसप्रति आम अभिभावक र विद्यार्थी एकदमै सकारात्मक छन्,' प्राचार्य अर्याललले भने-'हालसम्म करिब तीन हजार विद्यार्थी र १५ सयभन्दा बढी अभिभावक प्रत्यक्ष सहभागी भएका छन्, यो अभियानले विद्यार्थीमा अत्यधीक मोबाइल प्रयोगको लतलाई क्रमशः घटाउँदै लगेको छ ।'


» *बाँकी ३ पेजमा*





## सम्पादकीय

# लोकतान्त्रिक विधिलाई अनुशरण गर

प्रधानमन्त्री बालेन्द्र साह नेतृत्वको सरकारले  केही आशा लाग्दा र केही लोकतान्त्रिक प्रणालीलाई कमजोर बनाउने गरी काम गर्दै सय दिन पूरा गरेको छ। सरकारको सय दिनलाई आलोचना नगरी सहयोग गर्नुपर्छ भन्ने मान्यता छ। प्रतिपक्ष, प्रेस र नागरिक समाजले सरकारलाई सय दिन आलोचना नगरी सहयोग गर्नुपर्छ भन्नुको अर्थ हो, सरकारको प्रस्थान विन्दु भएकाले यसले आगामी दिनको मार्गचित्र स्पष्ट पार्दछ।

चैत १३ गते सपथ लिएका प्रधानमन्त्रीले मन्त्रालयको संख्या घटाएर १७ मा झारेका छन्, त्यसलाई सकारात्मक मान्नुपर्छ। तर मन्त्रालयको नाम र संयोजन जुन ढंगले हुनुपर्ने थियो, त्यो हुन सकिरहेको छैन। सपथ लिएको केही दिनमै चैत १९ गते जेनजी आन्दोलनकी घाइते एकता शाहलाई प्रक्रिया मिचेर एमबीबीएस अध्ययन गर्न दिने निर्णय गरेर सरकार विधिको शासन होइन, आदेशको शासनको सुरुवात गर्‍यो, जुन निरन्तर अघि बढिरहेको छ। राहदानी छपाइबारेमा अख्तियार प्रमुखसहित पदाधिकारीलाई प्रधानमन्त्री कार्यालयमा बोलाएर अमर्यादित व्यवहार गर्दै राहदानी विभागका प्रमुख तिर्थ अर्याललाई मुद्दा चलाउन दबाब दिएको विषय सुशासनको प्रस्थानविन्दु नभई मनपरीतन्त्रको एउटा उदाहरण हो। निजामति कर्मचारी स्थायी सत्ता हो, यसको आमूल सुधार आवश्यक छ। त्यो सुधार विधि र कानुन निर्माणमार्फत् हुनुपर्छ। तर विधि र कानुन निर्माण गर्नुको साटो त्रासमा राखेर ठेगान लगाउन खोजिएको छ। कर्मचारीलाई ५५ वर्ष  उमेर र ३० वर्ष सेवा अवधि पूरा गरेकालाई बिदा गर्ने तयारी गरिँदैछ, यो निर्णयले १२ हजारभन्दा बढी कर्मचारी घर जाँदैछन्। यसले समय अगावै कर्मचारी घर जाँदा राज्यलाई एकैपल्ट ठूलो धनराशी खर्च हुँदैछ, उनीहरुले आर्जन गरेको सीप र क्षमता प्रयोग गर्न राज्य वञ्चित हुँदैछ।

प्रधानमन्त्री नियमित सिंहदरबार जान्छन्, मन्त्रिपरिषद्को बैठकलगायत बैठक र भेटघाट सिंहदरबारमै गर्छन्। प्रधानमन्त्री निवासलाई केवल निवासकै रुपमा प्रयोग गरिरहेका छन्, यो काम राम्रो हो। निवासबाट होइन, सिंहदरबारबाटै सरकार चलाउनुपर्छ भन्ने सन्देश दिन सफल भएका छन्। तर सरकारले लोकतान्त्रिक संस्कार र पद्दती बसाल्न चुकिरहेको छ। निर्माण व्यवसायीलाई भइरहेको अमर्यादित व्यवहारले निजी क्षेत्र निराश छ। व्यवसायीलाई धरपकड गर्दा उनीहरुमा त्रास बढेको छ। दुई तिहाई नजिकको सरकार हुँदा बजारले सुरक्षित महशुस गर्न सकिरहेको छैन। मन्त्रीहरुलाई प्रधानमन्त्रीको सचिवालयले चलाउने गलत परिपाटी विकास गरिँदैछ।

प्रधानमन्त्री पद कुनै कर्पोरेट कम्पनीको कार्यकारी प्रमुख जस्तो आदेशको भरमा मात्र चल्ने संस्था होइन, यो त संसद्, न्यायपालिका र नागरिक समाजसँग निरन्तर संवाद र शक्ति सन्तुलन कायम राख्दै संविधानवादअनुसार चल्ने लोकतान्त्रिक संस्था हो। कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबिचको सन्तुलन कायम गर्न प्रधानमन्त्री चुकेका छन्। संसद बैठकमा जान बेवास्ता गर्ने प्रवृत्तिले प्रधानमन्त्रीको अलोकतान्त्रिक संस्कार उदांगो भएको छ।

प्रारम्भिक दिनमा चालिएका प्रशासनिक सुधारका सकारात्मक उपलब्धिको महत्वलाई जोगाइराख्न प्रधानमन्त्री शाहले आफ्नो स्वेच्छाचारी र केन्द्रीकृत कार्यशैलीलाई सच्याउन आवश्यक छ। विधिको शासन र संस्थागत लोकतान्त्रिक परिपाटीबिच सन्तुलन कायम गर्नु नै आगामी दिनको मुख्य चुनौती हो।

# असारे विकासमा बजेट खर्च



यादव घिमिरे

कागजमा आर्थिक वर्षको पाना पल्टाएर वा साउनलाई माघमा सारेर मात्रै रातारात असारे विकासको प्रवृत्ति रोकिने छैन। हामीभित्र नीतिगत इमानदारी, कानुनी शासन र कामप्रतिको जवाफदेहिता आउनु पर्छ। मौसमी अनुकूलता र देशको भौगोलिक संवेदनशीलतालाई ध्यानमा राख्दै आर्थिक वर्षलाई माघ-पुसको चक्रमा लैजानु देशको भौतिक विकासका लागि एक दूरगामी र वैज्ञानिक कदम साबित हुन सक्छ। विकास र बजेटको सम्बन्ध प्रकृतिको नियमसँग जोडिनु पर्छ, न कि सरकारी कमिसन र हतारोको बिल भुक्तानीसँग। संरचनागत सुधार, बलियो राजनीतिक इच्छाशक्ति र विकासप्रतिको राष्ट्रिय प्रतिबद्धता नै समृद्ध नेपाल निर्माणको एक मात्र अचुक मार्ग हो।




प्रकृतिको शाश्वत नियम जस्तै मानवनिर्मित प्रणालीको पनि आफ्नै चक्र र लय हुन्छ। यसमध्ये राज्य सञ्चालन र अर्थतन्त्रको मेरुदण्ड मानिने 'आर्थिक वर्ष' एक संवेदनशील र महत्वपूर्ण पाटो हो। नेपालको परिप्रेक्ष्यमा हरेक वर्ष असार महिनाको आगमनसँगै एउटा पुरानै बहसले राष्ट्रिय रूपमा प्राथमिकता पाउने गर्छ- त्यो हो 'असारे विकास'। जब आकाशबाट मनसुन सक्रिय हुन्छ र मुसलधारे वर्षासँगै धर्ती भिज्न थाल्छ, ठिक त्यही बेला सडक खन्ने, पिच गर्ने, ढल हाल्ने र हतार हतार पूर्वाधारका संरचना उभ्याउने विकृत प्रतिस्पर्धा सुरु हुन्छ। यो असार मसान्तमा बजेट फ्रिज हुन नदिने नाममा गरिने झारा टार्ने कार्यशैली हो, जसले विकासका नाममा विनाश र भ्रष्टाचारलाई बढावा दिइरहेको छ।

'असारे विकासले मुलुकमा वास्तविक विकासको गतिलाई अवरुद्ध पारेको छ। विकासले तीव्रता लिन नसक्नुमा यो एक प्रमुख बाधा हो' भन्ने भनाइप्रति सहमत नहुने ठाउँ छैन। असारे विकासले पूर्वाधारको आयु छोट्याउने, गुणस्तरहीन निर्माणलाई प्रश्रय दिने र नागरिकले पसिना बगाएर तिरेको करबाट सङ्कलित राज्यको ढुकुटीको चरम दुरुपयोग गरिरहेको छ। यो त केवल वित्तीय तथ्याङ्कमा खर्च बढेको देखाउने प्राविधिक दाउपेच र कानुनी कागजात मिलाउने बहाना मात्र हो। नेपालमा सोचे अनुरूपको विकास हुन नसक्नु र राष्ट्रिय समृद्धि हासिल हुन नसक्नुमा आर्थिक वर्ष आफैँमा एक मात्र कारक तत्व भने होइन। यसको पर्दापछाडि देशको फितलो कार्यान्वयन क्षमता, नीतिगत अस्पष्टता, झन्झटिलो ठेक्का प्रक्रिया, दण्डहीनता र कर्मचारीतन्त्रमा व्याप्त उदासीनता जस्ता अनेकौँ प्रणालीगत रोग लुकेका छन्।

आमनागरिकमा धेरै पटक 'नयाँ वर्ष' र 'नयाँ आर्थिक वर्ष' बिच केही अन्योल देखिने गर्छ। यी दुवै अवधारणा समयको मापनसँग जोडिएका भए पनि यिनीहरूको उद्देश्य, दर्शन र प्रयोग पूर्ण रूपमा भिन्न छ। आर्थिक वर्ष भनेको सरकार, सार्वजनिक निकाय वा व्यावसायिक प्रतिष्ठानले आफ्नो आम्दानी, खर्च, कर सङ्कलन, बजेट तर्जुमा र वित्तीय प्रतिवेदन तयार पार्नका लागि तोकेको १२ महिनाको एक निश्चित वित्तीय अवधि हो, जसको सम्बन्ध विशुद्ध रूपमा लेखा प्रणाली र कानुनी वित्तीय दायित्वसँग मात्र हुन्छ। यसको विपरीत, नयाँ वर्ष मानव समाजले दैनिक जीवन सञ्चालन गर्न, सांस्कृतिक चाडपर्व मनाउन र सामाजिक व्यवहार गर्न प्रयोग गर्ने परम्परागत वा आधिकारिक पात्रोको पहिलो दिन हो। नयाँ वर्ष विक्रम संवत्को बैशाख १ गतेदेखि सुरु भएर चैत मसान्तमा सकिन्छ, तर आर्थिक वर्ष साउन १ गते सुरु भएर आगामी वर्षको असार मसान्तमा मात्र टुङ्गिन्छ। नयाँ वर्ष प्रकृतिको नियम र परम्परामा आधारित हुन्छ भने आर्थिक वर्ष राज्यको कानुनी व्यवस्था, संसद्को अधिकार र वित्तीय ऐनद्वारा सञ्चालित एक अनिवार्य कानुनी संरचना हो।

विश्वव्यापी रूपमा हेर्ने हो भने सबै देशले एउटै समयलाई आर्थिक वर्ष मान्नु पर्छ भन्ने कुनै अन्तर्राष्ट्रिय नियम छैन। प्रत्येक राष्ट्रले आफ्नो भूगोल, मौसम, राजनीतिक इतिहास र आर्थिक अनुकूलताका आधारमा आफ्नै आर्थिक वर्ष तय गरेका छन्। चीन, ब्राजिल, रसिया, फ्रान्स र जर्मनी जस्ता मुलुकले जनवरी १ देखि डिसेम्बर ३१ सम्मको क्यालेन्डर वर्षलाई नै आफ्नो आर्थिक वर्ष मान्दछन्, जसले गर्दा उनीहरूको सामाजिक नयाँ वर्ष र वित्तीय नयाँ वर्ष एउटै हुन्छ। हाम्रा छिमेकी मुलुक भारत, संयुक्त अधिराज्य, क्यानडा र न्युजिल्यान्ड जस्ता देशमा अप्रिल १ देखि सुरु भई मार्च ३१ मा आर्थिक वर्ष समाप्त हुन्छ। नेपाल, अस्ट्रेलिया, बङ्गलादेश र पाकिस्तान जस्ता देशले जुलाई १ देखि जुन ३० (साउन-असार) को अवधिलाई वित्तीय वर्षका रूपमा चलाउँदै आएका छन्। यसबाट के स्पष्ट हुन्छ भने विश्वका विभिन्न देशले आफ्नो आन्तरिक आवश्यकता र बैङ्किङ प्रणालीलाई हेरेर नै आर्थिक वर्षको निर्धारण गर्ने गर्छन्।

नेपालमा प्रजातन्त्रको स्थापनापछि  विसं २००८ फागुन २१ गते तत्कालीन अर्थमन्त्री सुवर्ण शमशेरले नेपालको इतिहासमै पहिलो पटक सार्वजनिक बजेट प्रस्तुत गर्नु भयो। सुरुवाती वर्षमा राजनीतिक अस्थिरताका कारण बजेट आउने समय निश्चित थिएन। राज्यको वित्तीय प्रणालीलाई एउटा स्थायी जग दिन र प्रशासनिक रूपमा सहज बनाउन २०१८ सालदेखि साउन १ गते सुरु भई असार मसान्तमा सकिने हालको आर्थिक वर्षको औपचारिक सुरुवात गरियो। नेपालमा साउनदेखि असारसम्मको अवधिलाई नै आर्थिक वर्ष रोज्नुका पछाडि विशिष्ट ऐतिहासिक, धार्मिक, सामाजिक र आर्थिक कारण लुकेका छन्। समाजको ठुलो हिस्सा धान रोपाइँमा व्यस्त हुने र साउन लागेपछि खेतीपातीको काम सकिएर मानिस फुर्सदिला हुने भएकाले साउनलाई नयाँ आर्थिक वर्षको उत्साहसँग जोडिएको सामाजिक इतिहास छ।

राजनीतिक र कानुनी रूपमा नेपालको वर्तमान संविधानले नै जेठ १५ गते संसद्मा बजेट प्रस्तुत गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ। छ दशकभन्दा लामो समयदेखि चलिरहेको यो प्रणालीका केही सकारात्मक पक्ष छन्। सङ्घले जेठ १५, प्रदेशले असार १ र स्थानीय तहले असार १० भित्र बजेट ल्याउनुपर्ने कानुन भएकाले यसले तिनै तहका सरकारलाई बजेट तर्जुमा र वित्तीय सङ्घीयताको मर्मअनुसार समन्वय गर्न सजिलो बनाएको छ। यो प्रणालीका निकै घातक र नराम्रा पक्ष पनि सतहमा आएका छन्, यसले नेपाली समाजको मनोविज्ञान र कार्यशैलीमा नकारात्मक प्रभाव पारेको छ। जहाँ हिउँदका सुनौला महिनामा सरकारी निकाय र ठेकेदार सुस्ताएर बस्छन्। जब जेठ र असार लाग्छ, तब समाजमा एउटा कृत्रिम चटारो सुरु हुन्छ। चौतर्फी रूपमा 'असार मसान्तभित्र काम सक्नुपर्ने' दबाब सिर्जना हुँदा विकृत मौसमी विकास मनोविज्ञान स्थापित हुन पुगेको छ। नेपालमा भौतिक पूर्वाधार निर्माणका लागि हिउँदको सुक्खा समय सबैभन्दा उत्तम भए पनि वर्तमान प्रणालीमा पुँजीगत खर्चको ठुलो हिस्सा असारको भारी वर्षाको समयमा खर्च गरिन्छ, जसले गर्दा पानी परिरहेका बेला गरिएको कालोपत्रे र ढलान तत्कालै बगेर नष्ट हुन्छ। वर्षको अन्त्यमा जसरी पनि बजेट सक्ने हतारो हुने हुनाले प्राविधिक जाँचपास र गुणस्तरको गम्भीर अनुगमनबिना नै कागज मिलाएर भुक्तानी दिइन्छ, जसले वित्तीय अनुशासनहीनता र नीतिगत भ्रष्टाचारलाई संस्थागत गरेको छ।

साउन, भदौ र असोज जस्ता सुरुवाती महिना नेपालमा भारी वर्षा र प्रमुख चाडबाडको समय भएकाले वर्षको महत्वपूर्ण एक तिहाइ समय पूर्णरूपमा अनुत्पादक बनेर खेर जान्छ। विश्वका धेरै जसो बहुराष्ट्रिय कम्पनी र नेपालका प्रमुख व्यापारिक साझेदार देशको आर्थिक वर्ष जनवरी वा अप्रिलमा आधारित हुने भएकाले नेपालको साउनको चक्र उनीहरूसँग नमिल्दा वैदेशिक सहायता परिचालन र अन्तर्राष्ट्रिय प्रतिवेदन मिलान गर्न जटिलता पैदा हुन्छ। वर्षको ११ महिनासम्म बैङ्कमा लगानीयोग्य पुँजीको अभाव हुने तर असार महिनामा सरकारको अचानक अर्बौं रुपियाँ बजारमा ओइरिदिने हुनाले बैङ्किङ क्षेत्रमा मौद्रिक स्थायित्वमा नकारात्मक असर पर्छ। पूर्वाधार विकासको विज्ञानले सिमेन्ट, अलकत्रा र माटोको काम गर्न सुक्खा मौसम र घाम माग्छ, तर हाम्रो वित्तीय प्रणालीले यी सबै काम असारको भेल र हिलोमा गर्न बाध्य पार्छ। हिउँदका सुनौला छ महिना जुनबेला नदीमा पानीको बहाब कम हुन्छ र पुलका पिल्लर हाल्न सबैभन्दा सजिलो हुन्छ, त्यो बेला हाम्रो प्रशासनिक संयन्त्र ठेक्काको सूचना निकाल्ने र मन्त्रालयमा फाइल घुमाउने काममै अल्झिएको हुन्छ।

विकल्पका रूपमा हामीले दुई वटा प्रमुख अवधिमा विचार गर्न सक्छौँ। पहिलो विकल्प माघ १ गतेदेखि पुस मसान्तसम्मको अवधि (अन्तर्राष्ट्रिय क्यालेन्डर अनुरूप) हुन सक्छ। माघ १ गतेदेखि नयाँ आर्थिक वर्ष सुरु गर्ने हो भने मङ्सिर वा पुसमा संसद्मा बजेट आउँछ। फागुन, चैत, वैशाख र जेठ जस्ता नेपालका सबैभन्दा सुक्खा र उत्तम महिना पूर्ण रूपमा निर्माण कार्यका लागि उपलब्ध हुने छन्, जसले गर्दा बर्खा लाग्नुअगावै देशका ९० प्रतिशत भौतिक पूर्वाधारका काम सम्पन्न भइसक्छन्। दोस्रो विकल्पमा वैशाख १ गतेदेखि चैत मसान्तसम्मको अवधि तोक्न सकिन्छ, जसले माघ वा फागुन महिनामा बजेट प्रस्तुत गरेर वैशाख १ देखि कार्यान्वयनमा लैजाने बाटो खोल्छ।

प्रणालीगत सुधारका लागि केवल आर्थिक वर्षको महिना सारेर मात्रै जादुमयी रूपमा विकास हुने होइन, अवधिसँगै हाम्रो काम गर्ने शैलीमा गुणात्मक सुधार गर्नु अनिवार्य छ। बजेट संसद्बाट पारित हुनेबित्तिकै साउन १ गते नै सम्बन्धित मन्त्रालय र आयोजना प्रमुखका हातमा खर्च गर्ने अख्तियारी स्वचालित रूपमा पुग्ने डिजिटल प्रणाली लागु गरिनु पर्छ। साउन र भदौ महिनाभित्रै देशका सबै ठेक्कापट्टाको स्वीकृतिको काम सकिनैपर्ने कानुनी बाध्यता हुनु पर्छ। आर्थिक कार्यविधि ऐनमा संशोधन गरेर असार महिनामा कुल वार्षिक पुँजीगत बजेटको १० प्रतिशतभन्दा बढी रकम भुक्तानी गर्न नपाइने कडा कानुनी व्यवस्था गरिनु पर्छ। बजेट घोषणा भएपछि मात्र जग्गा प्राप्ति र वातावरणीय प्रभाव मूल्याङ्कनको प्रक्रिया सुरु गर्ने चलनलाई रोकी, यी सबै तयारी पूरा भइसकेका आयोजनालाई मात्र बजेटमा समावेश गर्ने गरी 'आयोजना बैङ्क' को अवधारणा पूर्ण रूपमा लागु गरिनु पर्छ। हिलोमा कालोपत्रे गर्ने इन्जिनियर र ठेकेदार दुवैलाई कानुनी रूपमा उत्तरदायी बनाई उनीहरूले बनाएको पूर्वाधार कम्तीमा पाँच वर्षसम्म बिग्रिएमा आफ्नै खर्चमा बनाउनुपर्ने र कालो सूचीमा पर्ने कडा नियम कार्यान्वयन गरिनु पर्छ।

कागजमा आर्थिक वर्षको पाना पल्टाएर वा साउनलाई माघमा सारेर मात्रै रातारात असारे विकासको प्रवृत्ति रोकिने छैन। हामीभित्र नीतिगत इमानदारी, कानुनी शासन र कामप्रतिको जवाफदेहिता आउनु पर्छ। मौसमी अनुकूलता र देशको भौगोलिक संवेदनशीलतालाई ध्यानमा राख्दै आर्थिक वर्षलाई माघ-पुसको चक्रमा लैजानु देशको भौतिक विकासका लागि एक दूरगामी र वैज्ञानिक कदम साबित हुन सक्छ। विकास र बजेटको सम्बन्ध प्रकृतिको नियमसँग जोडिनु पर्छ, न कि सरकारी कमिसन र हतारोको बिल भुक्तानीसँग। संरचनागत सुधार, बलियो राजनीतिक इच्छाशक्ति र विकासप्रतिको राष्ट्रिय प्रतिबद्धता नै समृद्ध नेपाल निर्माणको एक मात्र अचुक मार्ग हो।

गोपबाट

# बालबालिकाको स्वास्थ्य बिगार्ने बानीहरूः आजको लापरबाही, भोलिको रोग

डा. अरुणकुमार सिंह

"डाक्टरसाब, मेरो बच्चाले मोबाइल नदिएसम्म खाना खाँदैन।"

"राति एक-दुई बजेसम्म सुत्दैन।"

"दिनभर चाउचाउ, चिप्स र चिसो पेय पदार्थ मात्रै खोज्छ।"

बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको बालरोग बाह्यरोग विभागमा यस्ता गुनासा सुन्नु मेरो लागि नयाँ कुरा होइन। वर्षौंदेखिको चिकित्सकीय अभ्यासमा मैले महसुस गरेको एउटा स्पष्ट सत्य के हो भने- बालबालिकामा देखिने धेरै स्वास्थ्य समस्या कुनै जटिल रोगका कारण होइनन्, बरु उनीहरूको दैनिक जीवनशैली र बानीका परिणाम हुन्।

आजको नेपाली समाज तीव्र गतिमा बदलिँदैछ। शहरीकरण, प्रविधिको विस्तार र व्यस्त जीवनशैलीका कारण बालबालिकाको दिनचर्या पनि पहिलेभन्दा पूर्ण रूपमा फरक बनेको छ। पहिले विद्यालयबाट फर्किएपछि साथीहरूसँग मैदानमा खेल्ने, साइकल चलाउने, दौडिने र शारीरिक रूपमा सक्रिय रहने बालबालिका अहिले धेरैजसो समय मोबाइल, ट्याबलेट वा टेलिभिजनसँग बिताइरहेका छन्। यही परिवर्तनले उनीहरूको स्वास्थ्यमा गहिरो प्रभाव पारिरहेको छ।



**जंक फुडः स्वादको लोभ र स्वास्थ्यको मूल्य**

नेपालमा पछिल्ला वर्षहरूमा जंक फुड संस्कृतिले तीव्र विस्तार पाएको छ। चाउचाउ, चिप्स, बर्गर, पिज्जा, फ्रेन्च फ्राइज र अन्य प्रशोधित खाद्य पदार्थ बालबालिकाको दैनिक खानपानको हिस्सा बन्दै गएको छ।

धेरै अभिभावक बच्चाले खाना नखाएपछि सजिलो विकल्पको रूपमा यस्ता खानेकुरा दिने गर्नुहुन्छ। तर यस्ता खानेकुरामा अत्यधिक नुन, चिनी, बोसो र क्यालोरी हुन्छ, जबकि शरीरलाई आवश्यक पोषण (प्रोटिन, भिटामिन, खनिज र फाइबर)धेरै कम हुन्छ।

यसको परिणामस्वरूप बालबालिकामा मोटोपना, कब्जियत, दाँत बिग्रिने, भोक नियन्त्रणमा समस्या तथा भविष्यमा मधुमेह र उच्च रक्तचापको जोखिम बढ्दै जान्छ। धेरैपटक सानो उमेरमै शरीरमा बोसो जम्ने समस्या देखिन थालेको छ, जुन भविष्यका लागि चिन्ताजनक संकेत हो।

**चिनीयुक्त पेय पदार्थः अदृश्य जोखिम**

अर्को गम्भीर समस्या चिनीयुक्त पेय पदार्थको बढ्दो प्रयोग हो। सफ्ट ड्रिंक, प्याकेट जुस र फ्लेभरयुक्त पेय पदार्थलाई धेरै अभिभावकले स्वास्थ्यकर ठान्ने भ्रम अझै कायम छ। तर यस्ता पेय पदार्थमा प्राकृतिक फलको पोषणभन्दा धेरै चिनी र रसायन हुन्छ। यसले तत्काल तिर्खा मेटेजस्तो देखिए पनि शरीरलाई कुनै दीर्घकालीन लाभ दिँदैन। बरु मोटोपना, दाँत बिग्रिने र चयापचयसम्बन्धी समस्या बढाउने सम्भावना हुन्छ। बालबालिकाका लागि सबैभन्दा राम्रो पेय पदार्थ सादा पानी, दूध, दही वा घरमै बनाइएको प्राकृतिक पेय नै हुन्।

**मोबाइल र स्क्रिन टाइमः नयाँ युगको चुनौती**

आज मोबाइल र डिजिटल उपकरण बालबालिकाको जीवनको अभिन्न हिस्सा बनेका छन्। तर यसको अत्यधिक प्रयोगले धेरै समस्या निम्त्याएको छ।

धेरै बालबालिकामा आँखा दुख्ने, टाउको दुख्ने, ध्यान केन्द्रित गर्न नसक्ने, पढाइमा रुचि घट्ने, बाहिरी खेलकुदप्रति उदासीनता र निद्रामा समस्या देखिन्छ। विशेषगरी सानो उमेरमै लामो समय स्क्रिनमा बिताउँदा मानसिक र सामाजिक विकासमा पनि असर पर्न सक्छ। धेरै अभिभावकले बच्चालाई शान्त राख्न मोबाइल दिने बानी बसालेका छन्, जसले तत्काल सजिलो भए पनि दीर्घकालीन रूपमा निर्भरता बढाउँछ।

**निद्रा र शारीरिक विकास**

बालबालिकाको वृद्धि र मस्तिष्क विकासका लागि पर्याप्त निद्रा अत्यन्त आवश्यक हुन्छ। तर अहिले धेरै बालबालिका राति अबेरसम्म मोबाइल वा टिभीमा व्यस्त रहने गरेका छन्। निद्रा कमी हुँदा उनीहरू चिडचिडा हुने, पढाइमा ध्यान नदिने, स्मरणशक्ति कमजोर हुने र रोग प्रतिरोधात्मक क्षमता घट्ने समस्या देखिन्छ। लामो समयसम्म यस्तो अवस्था रहँदा शारीरिक वृद्धि समेत प्रभावित हुन सक्छ।

**शारीरिक गतिविधिको कमी**

बालबालिकाको शरीर सक्रिय रहनका लागि बनेको हो। तर अहिले धेरै समय घरभित्रै बस्ने, मोबाइल खेल्ने र शारीरिक गतिविधिबाट टाढा रहने प्रवृत्ति बढेको छ। नियमित खेलकुदले केवल शरीर मात्र होइन, मानसिक स्वास्थ्य, आत्मविश्वास र सामाजिक सीप पनि विकास गर्छ। खेलकुदको कमीले मोटोपना, कमजोरी र मानसिक तनाव बढाउने सम्भावना रहन्छ।

**अभिभावकको भूमिका**

बालबालिकाको स्वास्थ्य सुधार केवल चिकित्सकको जिम्मेवारी होइन, यो परिवारको दैनिक व्यवहारसँग प्रत्यक्ष सम्बन्धित छ। बालबालिकाले देखेर सिक्छन्, सुनेर होइन। यदि घरमा अस्वस्थ खानपान, अनियमित जीवनशैली र अत्यधिक मोबाइल प्रयोग सामान्य बनाइयो भने बालबालिकाले पनि त्यही सिक्छन्। परिवारले सँगै खाना खाने, घरमै पौष्टिक भोजन तयार गर्ने, खेलकुदमा सहभागी हुने र समयमै सुत्ने संस्कार विकास गर्न सके त्यसले ठूलो सकारात्मक परिवर्तन ल्याउन सक्छ।

**निष्कर्ष**

म सधैं अभिभावकहरूलाई भन्ने गर्छु, बालबालिकाको स्वास्थ्य अस्पतालमा होइन, घरमै निर्माण हुन्छ। आजको सानो लापरबाहीले भोलिको ठूलो रोग निम्त्याउन सक्छ। तर समयमै सही बानी विकास गर्न सके धेरै दीर्घकालीन रोगहरूबाट बालबालिकालाई बचाउन सकिन्छ।

स्वस्थ बाल्यकाल नै स्वस्थ भविष्यको आधार हो। यदि हामीले आज उनीहरूको जीवनशैली सुधार्न सकेनौं भने भोलि उपचार मात्र समाधान हुनेछैन, त्यसले समाजको स्वास्थ्यमा पनि गम्भीर असर पार्नेछ।

(सिंह बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा कार्यरत छन्)



**खेत खनजोत गर्दै महिला:**
दाङको घोराही उप-महानगरपालिका -१२ स्थित ज्यामिरेखोलामा खेत खनजोत गर्दै महिला किसान । तस्विर : रासस

# वालिङ बजारमा अव्यवस्थित तार हटाउन थालियो



स्याङ्जा । स्याङ्जा जिल्लाको प्रमुख व्यापारिक केन्द्र वालिङ बजारमा अव्यवस्थित रुपमा रहेका तारहरु हटाउन थालिएको छ । जथाभावी रहेका तारले बजारलाई कुरुप बनाएको भन्दै सेवाप्रदायक कम्पनीकै सक्रियतामा बजार क्षेत्रबाट अस्तव्यस्त झुण्डिएका तारहरु हटाउन थालिएको हो ।

वालिङ बजारका मुख्य चोक तथा सडक किनारामा जथाभावी टाँगिएका बिजुली, इन्टरनेट, केवल टिभीका तारहरु हटाएर व्यवस्थित बनाउन थालिएको छ । विशेषगरी वालिङ क्षेत्रमा सेवा दिँदै आएका ७ वटा सेवाप्रदायक कम्पनीको संयुक्त प्रयासमा तार व्यवस्थापन कार्य थालिएको वालिङ इन्टरनेट कम्पनीका सञ्चालक जोगराज पाठकले बताए ।

विद्युत्का पोलैपिच्छे गुजुल्टो बनाएर राखिएका प्रयोगविहीन तारहरु हटाउने र प्रयोगमा रहेका तारहरुलाई एकमुष्ट बनाएर बाँधेर व्यवस्थित बनाउने काम भएको छ । 'बजारमा यत्रतत्र छरिएका तारैतारको जालोले सौन्दर्यकरणमा असर पुर्‍याएको छ,' संचालक पाठकले भने-'सेवाप्रदायकहरु एकजुट भएर अनावश्यक रुपमा रहेका तारलाई व्यवस्थित गर्ने अभियान अगाडि बढेका छौं ।'

पोलमा झुण्डाइएका पुराना तारहरु हटाइएको छ भने प्रयोगमा आउने तारलाई एउटै मुठो बनाएर व्यवस्थित बनाइएको छ । अव्यवस्थित र प्रयोगविहीन तारहरु जथाभावी छोड्दा तारको अत्याधिक तौलले पोलहरुमा आगलागीका घटनाहरु पनि भएका छन् । सडक किनारामा लत्रिएका तारलाई व्यवस्थित गरी ठूला सवारी साधनलाई आवागमनमा सहज बनाउने काम भइरहेको छ ।

वालिङ बजार क्षेत्रमा विभिन्न सेवा प्रदायक कम्पनीका झण्डै पाँच हजारभन्दा बढी इन्टरनेट प्रयोगकर्ता रहेका छन् । असारको पहिलो हप्तादेखि सुरु भएको तार व्यवस्थापन कार्य मसान्तसम्म जारी रहने वेभ सर्भर कम्पनीका स्थानीय सञ्चालक राजन श्रेष्ठले जनाए । सेवाप्रदायक कम्पनीका प्राविधिकको सहयोगमा तार व्यवस्थित गरिएको छ ।

झण्डै २० जना प्राविधिक दैनिक तार व्यवस्थित गर्ने काममा निरन्तर खटिएको कम्पनीले जनाएका छन् । अस्तव्यस्त अवस्थामा रहेका तारहरु हटाउँदा बजारको सुन्दरता कायम रहने र आगलागीको जोखिम न्यूनीकरणमा पनि सहयोग पुग्ने विश्वास गरिएको छ । यसअघि वालिङ नगरपालिकाले तारहरु व्यवस्थित गर्न सेवाप्रदायक कम्पनीलाई पटकपटक निर्देशन दिएको थियो ।

त्यस्तै स्याङ्जाको गल्याङ नगरपालिकाले बजारभित्र वर्षौंदेखि झुण्डिइरहेका अव्यवस्थित तार हटाउन निर्देशन दिएको छ । नगर क्षेत्रका मुख्य सडक र बजार क्षेत्रमा विद्युत्, टेलिफोन, केबल तथा इन्टरनेटका तार लत्रिँदै झुण्डिएको अवस्थाले नगरको सौन्दर्य बिग्रिनुका साथै जोखिम बढिरहेको भन्दै नगरपालिकाले तत्काल तार हटाउन सेवाप्रदायक कम्पनीलाई निर्देशन दिएको हो ।

# युनिगाइडका ब्रान्ड एम्बेसडर बने क्रिकेटर तिलकराज र आदिल



बुटवल । शैक्षिक परामर्श सेवा प्रदान गर्दै आएको युनिगाईडले युवा क्रिकेटर तिलकराज भण्डारी र आदिल खानलाई आफ्नो आधिकारिक ब्रान्ड एम्बेसडर नियुक्त गरेको छ ।

शनिबार बुटवलमा आयोजित कार्यक्रममा युनिगाईडका प्रमुख कार्यकारी अधिकृत (सिइओ) गणेश दाहाल, प्रबन्ध निर्देशक ऋषि खनाल तथा क्रिकेटर तिलकराज भण्डारी र आदिल खानबीच एक वर्षका लागि ब्रान्ड एम्बेसडर सम्झौतामा हस्ताक्षर भएको हो । सोही अवसरमा युनिगाईडको बुटवल शाखाको पनि उद्घाटन गरिएको छ ।

कार्यक्रममा सिइओ दाहालले संस्थाको सामाजिक उत्तरदायित्वअन्तर्गत नेपाली क्रिकेटको विकासमा योगदान पुर्‍याउने उद्देश्यले युवा खेलाडीसँग सहकार्य गरिएको बताए । विगत दुई वर्षदेखि शैक्षिक परामर्श सेवा प्रदान गर्दै आएको संस्थाले विद्यार्थीलाई उचित परामर्शका कारण भिसा अस्वीकृत हुने दर न्यून रहेको उनको दाबी थियो ।

उनका अनुसार युनिगाईडले पछिल्लो एक वर्षदेखि बेलायतसँगै क्यानडा, अमेरिका र अष्ट्रेलियामा उच्च शिक्षा अध्ययन गर्न चाहने नेपाली विद्यार्थीलाई परामर्श सेवा उपलब्ध गराउँदै आएको छ ।

प्रबन्ध निर्देशक ऋषि खनालले विद्यार्थीको रुचि, योग्यता र भविष्यको सम्भावनाअनुसार उपयुक्त विश्वविद्यालय तथा अध्ययन कार्यक्रम छनोटमा सहयोग गर्दै आएको जनाए । विदेशमा उच्च शिक्षा हासिल गरेर स्वदेश फर्किएपछि देशको विकासमा योगदान गर्न सक्ने जनशक्ति तयार पार्ने लक्ष्यका साथ गुणस्तरीय परामर्श सेवा प्रदान गरिरहेको उनले उल्लेख गरे ।

कार्यक्रममा नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वखेलाडी सञ्जय गुरुङले नेपाली क्रिकेटले पछिल्लो समय उल्लेखनीय प्रगति गरेको बताए । सुरुआती दिनमा रुचिका रूपमा खेलिने क्रिकेट अहिले व्यावसायिक खेलका रूपमा स्थापित हुँदै गएको उनको भनाइ थियो ।

उनले सन् २०१४ मा पारस खड्काको कप्तानीमा नेपालले आइसिसी वर्ल्ड टि-२० खेलेपछि नेपाली क्रिकेटप्रति आम नागरिकको दृष्टिकोण परिवर्तन भएको उल्लेख गरे । निजी क्षेत्रको लगानी र सहकार्यका कारण क्रिकेट पूर्वाधार, प्रशिक्षण, प्रतियोगिता तथा अम्पायरिङलगायत क्षेत्रमा उल्लेखनीय विकास भएको उनले बताए ।

कार्यक्रममा युनिगाइड बुटवलका काउन्सिलर सञ्जय खनाल, रोयल फुडकोर्टका केशव भुसाल तथा लुम्बिनी लायन्सका अपरेसन म्यानेजर लक्की आचार्यले खेलकुद क्षेत्रको विकासमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण बन्दै गएको धारणा व्यक्त गरे ।

# सिँचाइ अभाव हुँदा १८ प्रतिशत मात्र रोपाइँ



राँझा (बाँके) । सिँचाइ अभाव हुँदा अकाशे पानीको भरमा बाँकेमा १८ प्रतिशत मात्र रोपाइँ भएको छ । जिल्लाका केही भू-भागमा सिक्टा सिँचाइ आयोजना र भूमिगत पानीको प्रयोग गरी रोपाइँ गरिए पनि अधिकांश क्षेत्रका किसान आकाशे पानीको भरमा छन् ।

पर्याप्त वर्षा नहुँदा यस वर्ष किसानले अझैसम्म धान रोप्न नसकेका कृषि ज्ञान केन्द्र बाँकेकी सूचना अधिकारी वरिष्ठ कृषि प्रसार अधिकृत सुजिता शर्माले बताइन् । उनका अनुसार जिल्लामा असारको दोस्रो सातादेखि सुरु गरिएको रोपाइँ शुक्रबारसम्म १८ प्रतिशतमात्र भएको छ । रोपाइँ भएकोमध्ये अधिकांश किसानले सिक्टा सिँचाइ र भूमिगत पानीको प्रयोग गरिरहेका छन् ।

मसिनो र मध्यम जातका धानखेती गर्ने किसानलाई रोपाइँमा समस्या भए पनि मोटो धानखेती गर्नेलाई ढिलो वर्षा भए पनि समस्या नहुने सूचना अधिकारी शर्माले बताइन् । उनका अनुसार जिल्लामा कुल खेतीयोग्य ५५ हजार ८२६ हेक्टर क्षेत्रमध्ये ३३ हजार ७८० हेक्टरमा धानखेती हुँदै आएको छ ।

सिक्टा सिँचाइ आयोजनाको नहरबाट कोहलपुर नगरपालिका, बैजनाथ गाउँपालिकाका र राप्तीसोनारी गाउँपालिकाका केही वडामा सिँचाइ सुविधा पुगेकाले ती क्षेत्रमा रोपाइँ भइरहेको सूचना अधिकारी शर्माको भनाइ छ । उनका अनुसार सिँचाइ अभावका कारण जिल्लाका अधिकांश किसान अहिले पनि आकाशे पानीको भरमा खेती गर्न बाध्य छन् ।

रोपाइँको समय भएकाले सिक्टाको पूर्वी र पश्चिमी दुवै नहरमा नियमित रूपमा पानी छोडिएको आयोजना कार्यालयका सूचना अधिकारी मनोज शाहले बताए । उनका अनुसार राप्तीसोनारी गाउँपालिका-२ अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी सञ्चालन गरिएको आयोजनाले जिल्लाको ४२ हजार ७६६ हेक्टरमा सिँचाइ पुर्‍याउने लक्ष्य लिएकामा हालसम्म २४ हजार क्षेत्रका किसानले सिँचाइ सुविधा पाएका छन् ।

# रुद्रपुर स्वास्थ्य चौकी
# किशोर किशोरीमैत्री स्वास्थ्य सेवा प्रमाणिकरण

कञ्चन । रुपन्देहीको कञ्चन गाउँपालिका वडा नं. ४ मा सञ्चालित रुद्रपुर स्वास्थ्य चौकीलाई किशोर किशोरीमैत्री स्वास्थ्य सेवा प्रमाणिकरणसहित घोषणा गरिएको छ ।

रुद्रपुर स्वास्थ्य चौकीलाई किशोर किशोरीमैत्री स्वास्थ्य सेवा प्रमाणिकरणसहित घोषणा गर्दै कञ्चन गाउँपालिकाका अध्यक्ष नवराज ढकालले नेपाल सरकारको किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी निर्देशिका, २०७९ अनुसार रुद्रपुर स्वास्थ्य चौकीले मापदण्ड पूरा गरेको बताए । पालिकाका हरेक उमेर, लिङ्ग, जात, धर्म तथा संस्कृति भएकाह नागरिकहरुलाई कुनै विवेद नगरी समान रुपमा गुणस्तरीय सेवा दिनु पालिकाको अनिवार्य जिम्मेवारी कर्तव्य भएको र उक्त कर्तको पालना पालिका भित्रका हरेक स्वास्थ्य केन्द्रहरुबाट भइरहेको समेत अध्यक्ष ढकालले जनाए ।

यस्तै उपाध्यक्ष मौसमी थापा मगरले स्वास्थ्य सेवा पाउनु हरेक नागरिकको नैसर्गिक अधिकार भएको उक्त अधिकारलाई पनि सहज र गुणस्तरीय रुपमा पाउने बन्दोबस्त गर्न पालिका कृयाशिल रहँदै आइरहेको विचार व्यक्त गरिन् ।

यसैगरी जिल्ला स्वास्थ्य कार्यालय रुपन्देहीका जनस्वास्थ्य निरीक्षक प्रयास पन्थीले सबै किशोर-किशोरीलाई समान अवसर प्रदानगरी स्वास्थ्य सेवा कक्षमा गोपनीयता सुनिश्चितता, प्रशिक्षित सेवा प्रदायक उपलब्ध र किशोर-किशोरीको सन्तुष्टि मापन तथा सुझावको कार्यान्वयनलगायत मापदण्ड पूरा गरेका स्वास्थ्य केन्द्रहरुलाई किशोर किशोरीमैत्री स्वास्थ्य सेवा प्रमाणिकरण स्वास्थ्य केन्द्रको रुपमा घोषणा गर्ने प्रावधान रहेको बताए ।

कार्यक्रममा कालिका स्वावलम्बन ग्रामीण विकास केन्द्र कपिलवस्तुका संयोजक दीपा सुनार, सुनगाभा सामुदायिक विकास केन्द्रका अध्यक्ष अर्मता थापा मगर, रुद्रपुर साथी सञ्जालका अध्यक्ष समिक्षा रानाले किशोर-किशोरीको स्वास्थ्यसम्बन्धी जानकारी, समुदायको सहयोग, उपयुक्त स्वास्थ्य सेवाको प्याकेज, प्रशिक्षित स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थाको भौतिक वातावरण, समानता र भेदभावरहित सेवा, तथ्याङ्क व्यवस्थापन र गुणस्तर सुधार र किशोर-किशोरीको सहभागिता सहित आवश्यक औषधि, सामग्री र उपकरण उपलब्ध, सूचना बोर्ड, संकेतचिन्ह तथा सामग्री प्रदर्शनलगायत समुदाय र विद्यालयसँग नियमित समन्वय र सहकार्य आवश्यक पर्नेमा जोड दिएका थिए ।

कञ्चन गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष तथा रुद्रपुर स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्ष केशरबहादुर खत्रीको अध्यक्षतामा भएको कार्यक्रममा रुद्रपुर स्वास्थ्य चौकीका इञ्चार्ज विष्णुप्रसाद ढकालले कार्यक्रम सञ्चालन गरेका थिए ।

**गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सुचना**

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०३/२१

प्रतापुर सुस्ता सवडिभिजन वन कार्यालको च.न.४४१ मिति २०८३/०२/११ गतेको लिलाम अनुसार यस सामुदायिक वन उपभोक्ता समूह सुस्ता-१, नवलपरासीको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको असाना स्थान जातको जम्मा गोलिया थान ३८६.४२ क्यूफिट, वरौ जातको जम्मा गोलिया थान १९ थान को २०५.५० घनफिट कुसुम जातको जम्मा गोलिया २० थान २०६.२० घनफिट, खयरजातको जम्मा गोलिया ५५ थान ८२.८६ घनफिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी लिलाम बढाबढ प्रकृया द्वारा विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र शिलबन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**कालिका सामुदायिक वन उपभोक्ता समूह**
सुस्ता १, फोचुवा नवलपरासी (ब.सु.प.)

**सच्चाइको सूचना**

यस सूचनाद्वारा सर्वसाधारण सबैमा जानकारी गराइन्छकी मितिः २०८२/०३/०४ मा राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा प्रकाशित श्री खरकट्टी सामुदायिक वन उपभोक्ता समूह, सुनवल-४, नवलपरासी (ब.सु.प.) को गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीसम्बन्धी सूचनामा बोलपत्र पेश गर्ने अवधिसम्बन्धी व्यहोरामा त्रुटि भएकाले सच्याइएको छ ।

सही व्यहोराः सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२औँ दिन कार्यालय समयभित्र शिलबन्दी बोलपत्र दाखिला गर्नुपर्नेछ । अन्य व्यहोरा यथावत् रहनेछ ।

**विद्यार्थीको ...**

विद्यालयका निवर्तमान प्राचार्य लोकनाथ उपाध्यायले मोबाइल फोन र सामाजिक सञ्जालको अत्यधिक प्रयोगले विद्यार्थी र समाजमा उच्छृंखलता र अनुशासनहीनता बढेको तथा असल संस्कार र देशप्रेमको भावनामा कमी आएको भन्दै चिन्ता व्यक्त गरे । यस्तो अवस्थालाई सकारात्मक दिशामा बदल्न नसके परिवार,समाज र सिंगो देश नै दुर्घटनामा जान सक्ने जोखिमतर्फ सरोकारवाला सबै सजग हुनुपर्नेमा उपाध्यायले जोड दिए ।

गुणस्तरीय शिक्षाको विकासका लागि अभिभावक, विद्यालय र विद्यार्थीबिच मजबुत सम्बन्ध स्थापित गर्ने सेतुका रूपमा बुक क्लब र पुस्तक समीक्षा कार्यक्रमले सहजीकरण गर्दै आएको उपप्राचार्य राजेश पाण्डेले बताए । ५१औं श्रृंखलामा १० जना विद्यार्थीको पुस्तक समीक्षा प्रस्तुति हेरेका साहित्यकार गिरी श्रीस मगरले न्यू होराइजनका विद्यार्थीको यो स्तरको क्षमता देखेर आफू एकदमै प्रभावित र नतमस्तक भएको भन्दै खुलेर प्रशंसा गरे ।

'कक्षा ७ र ८ का विद्यार्थीले नेपाल र अधिकांश विदेशी लेखकका अंग्रेजी भाषाका पुस्तकको यति गहिरो अध्ययन, प्रभावकारी समीक्षा प्रस्तुति देखेर असाध्यै धेरै प्रभावित भएं, यो एकदमै अनुकरणीइ र प्रसंशनीय छ,' श्रीसले भने-'पठन संस्कृतिले पुस्तकबारे मात्रै ज्ञान दिँदैन, यसले विद्यार्थीमा सकारात्मक सोंचको विकास, समाज र राजनीतिलाई बुझ्ने, हेर्ने दृष्टिकोण र दायरा पनि निकै फराकिलो बनाउँछ, त्यसैले पठन संस्कृतिलाई सबैले प्रवर्द्धन गर्नुपर्छ ।'

क्लबले हरेक शैक्षिक सत्रको प्रारम्भमै बुक क्लबको सदस्यता नवीकरण तथा ब्याच वितरण गर्दै नयाँ विद्यार्थीलाई अभिमुखीकरण गराउँदै आएको शिक्षक हरिप्रसाद पौडेलले बताए । त्यसैगरी गर्मी बिदामा रिडिङ हाफ म्याराथुन प्रतियोगिता, सामाजिक कार्यअन्तर्गत अनाथ आश्रममा पुस्तक र शैक्षिक सामग्री वितरण, प्रत्येक हप्ता पुस्तक समीक्षा कार्यक्रम, प्रत्येक नतिजा प्रकाशनपछि पुस्तक प्रदर्शनी, प्रसिद्ध लेखक तथा सर्जकसँग विद्यार्थीको अन्तर्क्रिया तथा उत्कृष्ट पाठक सम्मान जस्ता कार्यक्रमलाई नियमित बनाइएको बुक क्लबका सह-इञ्चार्ज आजिजुर रहमानले बताए ।

रहमानका अनुसार २०७९ सालमा ३२ पटक पुस्तक समीक्षा कार्यक्रम सञ्चालन हुँदा ५६६ विद्यार्थी, २०८० सालमा ४५ पटक हुँदा ६०४ विद्यार्थी, २०८१ सालमा ४५ पटक हुँदा ६८८ विद्यार्थी ,२०८२ सालमा ४५ पटक हुँदा ६९६ विद्यार्थी र २०८३ सालमा हालसम्म ७ पटक कार्यक्रम सञ्चालन हुँदा २३१ विद्यार्थी सहभागी भएका छन् । यस हिसाबले हालसम्म करिब ३ हजार विद्यार्थी पुस्तक समीक्षामा र १५ सय जना बढी अभिभावकले प्रत्यक्ष रूपमा कार्यक्रममा सहभागिता जनाएका छन् ।

क्लबले आगामी दिनमा हरेक वर्ष कम्तीमा २० वटा पुस्तक समीक्षा कार्यक्रम सञ्चालन गर्दै २ हजारभन्दा बढी विद्यार्थी र तिनका अभिभावकलाई सहभागी गराउने लक्ष्य लिएको छ । पठन संस्कृतिको विकासका लागि स्थानीय तहमा कार्यरत संघ-संस्थासँग सहकार्य गर्ने, पठन संस्कृतिको अभियानलाई समाजका हरेक क्षेत्रमा विस्तार गर्ने, अभिभावकीय शिक्षा र सरोकारवालालाई क्लबसँग जोड्ने तथा अन्य शैक्षिक संस्थासँग समेत सहकार्य गर्दै अभियानलाई फराकिलो बनाउने योजना छ ।

त्यसैगरी स्थानीय तह बुटवल उप-महानगरपालिकाले स्वामित्व लिएको खण्डमा पठन संस्कृति बुटवलको कल्चर हो भन्ने अभियानलाई अझ अगाडि बढाउने अपेक्षा पनि क्लबले राखेको छ ।

'५१औँ संस्करणसम्म आइपुग्दा न्यू होराइजन बुक क्लब विद्यालयको अतिरिक्त क्रियाकलाप मात्र नभई गुणस्तरीय शिक्षा, अध्ययनशील संस्कार, नेतृत्व विकास र अभिभावक-विद्यालय सहकार्यलाई मजबुत बनाउने प्रभावकारी अभियानका रूपमा स्थापित भएको छ,' उप-प्राचार्य राजीव श्रेष्ठले भने-'यो अभियानमार्फत् हामी पठन संस्कृतिलाई संस्थागत रूपमा समुदायमा फैलाऊने, विद्यार्थीहरूमा पढ्ने बानी, नेतृत्व विकास र तार्किक क्षमताको वृद्धि गर्ने, शिक्षक, अभिभावक र सरोकारवाला बिचमा पनि पुस्तक समीक्षा र विचार मन्थन गराई विद्यार्थीहरूको साहित्य सृजनाप्रतिको रुचिलाई अवसर र मार्गनिर्देशन दिने उद्देश्य छ ।' बुक क्लबका र पुस्तक समीक्षा कार्यक्रमप्रति अभिभावक र विद्यार्थी दुबैले खुशी व्यक्त गर्दै सकारात्मक प्रतिक्रिया दिएका छन् ।

शनिबार ५१औं श्रृंखलाको पुस्तक समीक्षामा कक्षा ७ र ८ का प्रञ्जना अर्याल, रिसव रसाइली, सब्रिना पाण्डे, अब्नित खनाल, नभ्या गौतम, स्मृति न्यौपाने, अग्रीमा अधिकारी, अनमोल पन्थी , किस्मत पौडेल र आयाम पाण्डेले फरक फरक १० वटा पुस्तकको समीक्षा प्रस्तुत गरेका थिए । कार्यक्रमलाई प्रेक्षा खनाल र अनुज्ञा पोखेलले सहजीकरण गरेका थिए ।

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

स्याङ्जामा बाँदर आतंक

# ‘पाकेको बाली भित्राउनै पाउँदैनन् किसान’

**प्रकाश डोटेल**

*स्याङ्जा*



जिल्लाका किसानले आफ्नो खेतबारीमा लगाएको अन्नबाली बाँदरले दिनहुँ सखाप पार्ने गरेको छ। गाउँघरमा बाँदर आतंकले सीमा नाघेको छ। वर्षभरि पसिना बगाएर लगाएको बाली भित्राउने बेलामा बाँदरले सखाप पार्न थालेपछि जिल्लाका किसान पीडासँगै चिन्तामा परेका छन् ।

मौसम अनुसार मकैमा घोगा लाग्ने र पाक्ने समय हो, यो । तर, खेतबारीमा खटिएका किसानका लागि बाँदर ठूलो चुनौती बन्दै गएको छ । बाली जोगाउन किसानले दिनरात खेतबारी कुरिरहेका छन् भने बाँदरको हुलले क्षणभरमै महिनौको मेहनत सखाप पारिदिने गरेको छ । भीरकोट नगरपालिका-५ पकानका सूर्य थापाले खेतमा बाँदरले मकै सखाप पारेको पीडासँगै चिन्ता सुनाए ।

महिनौको मिहिनेत एकैछिनमा समाप्त भएको जनाउँदै थापाले उत्पादन लिने बेलामा बाँदरले बाली नष्ट गरिदिँदा आफूलाई ठूलो चोट पुगेको बताए । ‘मिहिनेत, लगानी र आशा सबै एकैपटक समाप्त भयो,’ उनले भने-‘कृषि पेसालाई व्यवसाय बनाउने सपना बोकेका मजस्ता किसान बाँदर आतंकले निराश हुँदै गएका छन् ।’ उनका अनुसार खेती गर्ने समयमा मल, बिउ, जोताइ, सिँचाइ र मजदुरी व्यवस्थापनमा ठूलो खर्च हुन्छ। उत्पादन भित्राउने समयमा बाँदरले खेतबारी सखाप पारेपछि लगानीसमेत खरानी बनेको थापाले बताए।

वालिङ नगरपालिका-९ का किसान भविश्वर गैह्रेको नियती पनि फरक छैन। पाक्न थालेको मकै बाँदरले सखाप पारेको उनले बताए । ‘हिजो एकै दिनमा बाँदरले सबै बाली सखाप पारेछ,’ दुःखी हुँदै उनले थपे-‘दिनरात नभनि मल बोकेर लगाएको मकै दिनहुँ कुरेर हुर्कायौं, तर उत्पादन लिने बेलामा सबै सखाप भयो ।’ आक्रोश मिश्रित भावमा उनले बाँदर मार्न पाउनुपर्ने जिकिर गरे । यदि मार्न पाइँदैन भने सरकारले बाँदर छोपेर किसानलाई देओस्, हामी पाल्न तयार छौं । होइन भने बाँदर कुर्न किसानलाई सरकारले जनशक्ति उपलब्ध गराउनुपर्ने उनको माग छ।

कालीगण्डकी गाउँपालिकाका दुर्गा भट्टराईले बाँदर आतंक दिनप्रतिदिन बढ्दै गएको र बाँदरले मकै, फलफूल र तरकारीलगायत खेतबारीमा लगाएको बालीनाली नष्ट गर्दा पनि जनप्रतिनिधिहरु रमिते बनेर बसेको गुनासो गरे । पछिल्लो समय बाँदर खेतबारीमा मात्रै सीमित नभई घरघरमै प्रवेश गरी खाद्यान्न तथा अन्य सामग्रीमा क्षति पुऱ्याउने गरेको भट्टराईले जनाए।

बाँदरबाट अन्नबाली बचाउन किसानले दिनभर खेतबारीमा कुर्ने, ड्रम बजाउने, कुकुर पाल्ने, ड्रोन उडाउने जस्ता विभिन्न उपाय अपनाउने गरेका छन् । उनका अनुसार बाँदरको संख्या बढ्दै जाँदा किसानका उपाय प्रभावहीन बन्दै गएका छन् । विगत केही वर्षयता बाँदरको समस्या विकराल बन्दै गएको छ। उत्पादन लिने बेला मकै, तरकारी, फलफूल, आलुलगायत खेतबारीमा उपलब्ध बालीमा ठूलो क्षति पुऱ्याउने गरेको भट्टराईले बताए।

पछिल्लो सयम अधिकांश किसानले खेतीयोग्य जमिन बाँझै छाड्न थालेका छन् भने केहीले गाउँ नै छाडेर अन्यत्र बसाइँ सर्न बाध्य छन् । कृषि उत्पादन बढाउने र युवालाई गाउँमै स्वरोजगार बनाउने सरकारी नीतिको चर्चा जति चलेपनि किसानहरु भने बाँदरको समस्याबाट जोगिन नसकेको गुनासो गर्छन् । बाली नष्ट हुँदा क्षतिपूर्ति पाउने व्यवस्था प्रभावकारी छैन भने दीर्घकालीन समाधानका लागि पनि पर्याप्त पहल हुन नसकेको उनीहरुको दुःखेसो छ । गाउँमा खेती गर्न चाहने किसान दिनप्रतिदिन घट्दै जानु, खेतीयोग्य जमिन बाँझिनु र युवा पुस्ता गाउँ छाड्न बाध्य हुनुका पछाडि बाँदरको बढ्दो आतंक प्रमुख कारण मानिएको छ।

भीरकोट नगरपालिकाका प्रमुख गोविन्दकुमार कर्माचार्यले बाँदर पीडित किसानको समस्यालाई पालिकाले गम्भीरतापूर्वक लिएको सुनाए । राष्ट्रिय समस्या बनेको बाँदर आतंक स्थानीय तहको प्रयासले मात्र पर्याप्त नहुने उनले भनाइ छ । ‘केन्द्र सरकारले नै स्पष्ट नीति बनाएर बाँदर समस्या समाधानमा चासो दिनुपर्छ,’ उनले भने-‘स्थानीय सरकारले हालसम्म गरेका प्रयासहरु अपेक्षाअनुसार सफल हुन सकेका छैनन् । त्यसैले प्रभावकारी उपायको खोजीमा छौं ।’

बाँदर आतंकले बाली मात्र होइन, मानिसको ज्यानसमेत जोखिममा पर्न थालेको छ। गतसाता वालिङ नगरपालिका-४ रत्नेस्थित हिमाली माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरु घर फर्कने क्रममा बाँदरको आक्रमणबाट घाइते भएका छन् । त्यसअघि गत महिना गल्याङमा बाँदरको आक्रमणबाट ६ जना स्थानीय घाइते भएका थिए । जिल्लाका विभिन्न स्थानमा बाँदरले गर्ने आक्रर्मणका घटना बढ्दै जाँदा स्थानीयवासी त्रसित बन्न थालेका छन् ।

यता डिभिजन वन कार्यालय स्याङ्जाका प्रमुख नवराज बरालले बाँदर समस्या राष्ट्रिय समस्या भएको बताए। खेतबारीमा बाँदरले ठूलो मात्रामा क्षति पुऱ्याए आंशिक रुपमा क्षतिपूर्ति दिने व्यवस्था रहेको उनले जानकारी दिए। ‘हालै वालिङमा २० रोपनी क्षेत्रफलमा लगाइएको मकै बाँदरले पूर्णरुपमा नष्ट पारेको निवेदन आएको थियो,’ उनले भने-‘त्यसको क्षतिपूर्तिका लागि केन्द्रमा सिफारिस गरिएको छ ।’ मानिसहरुले गाउँको बस्ती खाली गराएर बजारतिर सर्दै जाँदा गाउँघरमा बाँदरसँगै जंगली जनावरको संख्यासँगै आतंक बढेको बरालको बुझाइ छ।

किसानहरु सरकारी आश्वासनभन्दा व्यवहारिक समाधान खोजिरहेका छन् । उनीहरु बाँदर नियन्त्रण, बाली सुरक्षाको प्रभावकारी व्यवस्था र क्षतिपूर्तिको सुनिश्चितता चाहन्छन् । अन्यथा गाउँमा खेती गर्ने किसान थप घट्दै जाने र उर्वर जमिन बाँझिने क्रम अझ बढ्ने उनीहरुको चिन्ता छ। वर्षौंको मिहिनेत, लगानी र भविष्यको आशा बोकेर खेतबारीमा पसिना बगाइरहेका किसान खेती सखाप भयो भनेर मात्रै होइन्, भोलि के खाने भन्ने चिन्तामा परेका छन् ।

# लुम्बिनीको बजेट खर्च ४७ प्रतिशत मात्र




बुटवल । लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/०८३ को जेठ मसान्तसम्म कुल विनियोजित बजेटको ४७.२० प्रतिशत खर्च गरेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुख नारायणप्रसाद पौडेलका अनुसार चालु आर्थिक वर्षका लागि विनियोजन गरिएको रु ३८ अर्ब ९१ करोड बजेटमध्ये जेठ मसान्तसम्म रु १८ अर्ब ३६ करोड ४८ लाख ४३ हजार ६४८ खर्च भएको हो।

कार्यालयका अनुसार चालू खर्चतर्फ रु सात अर्ब दुई करोड २० लाख ७५ हजार ८३ अर्थात् ५०.६७ प्रतिशत बजेट खर्च भएको छ। विकास निर्माणसँग सम्बन्धित पुँजीगत खर्च भने रु १० अर्ब ५४ करोड २७ लाख छ हजार ५६५ अर्थात् ४४.९२ प्रतिशत रहेको छ।

मन्त्रालयगत खर्च विवरणअनुसार स्वास्थ्य मन्त्रालय बजेट कार्यान्वयनमा सबैभन्दा अगाडि रहेको छ । मन्त्रालयले आफ्नो रु चार अर्ब ९५ करोड २९ लाख ७३ हजारको कुल बजेटमध्ये ६२.७७ प्रतिशत खर्च गरिसकेको छ।

त्यसैगरी भौतिक पूर्वाधार विकास मन्त्रालयले ५०.२६ प्रतिशत, वन तथा वातावरण मन्त्रालयले ४८.६६ प्रतिशत, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले ४७.०६ प्रतिशत तथा सहरी विकास तथा खानेपानी मन्त्रालयले ४३.१० प्रतिशत बजेट खर्च गरेका छन्। कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको बजेट खर्च ४२.७३ प्रतिशत रहेको छ भने सामाजिक विकास मन्त्रालयले ३६.४१ प्रतिशत र उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले ३७.१३ प्रतिशत बजेट कार्यान्वयन गरेका छन् ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालयको खर्च प्रगति भने सबैभन्दा न्यून रहेको छ। आन्तरिक मामिला तथा कानुन मन्त्रालयले १५.२८ प्रतिशत र युवा तथा खेलकुद मन्त्रालयले १९.७८ प्रतिशत मात्र बजेट खर्च गरेका छन्।

स्थानीय तहमा जाने अनुदानतर्फ भने खर्च सन्तोषजनक देखिएको छ। जेठ मसान्तसम्म यस शीर्षकमा ६२.७२ प्रतिशत बजेट कार्यान्वयन भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ। प्रमुख पौडेलले आर्थिक वर्षको अन्तिम महिना असारमा भुक्तानीको चाप बढ्ने भएकाले बजेट खर्चको दर अझ वृद्धि हुने अपेक्षा गरिएको बताए।

# रम्भाका १५ जना आमा स्माट आमाको रूपमा सम्मानित




**कृष्ण पोखरेल**

*पाल्पा*

स्वस्थ आमा, स्वस्थ बच्चासहित समृद्ध समाज निर्माण गर्दै पोषणमैत्री गाउँपालिका घोषणा गर्ने अभियानका साथ रम्भा गाउँपालिकाले पालिका भरीका १५ जना स्माट आमाहरुलाई सम्मान गरेको छ । पाँच वटै वडाका तीन तीन वटा स्माट आमाहरुलाई पालिकाले दोषल्ला ओढ्याएर, नगद १० हजार रुपैयाँ र स्वास्थ्य सामग्रीबाट सम्मान गरेको हो । सुनौलो हजार दिनका आमाहरु बिच प्रतिष्पर्धा गराएर विभिन्न २२ वटा स्वास्थ्य सूचकको आधारमा, प्रति सूचक ५ अंकका दरले ११० अंक ल्याउने आमालाई स्माट आमा घोषणा गरी गाउँपालिकाले सम्मान गरेको हो ।

स्वास्थ्य संस्थामा अनिवार्य प्रसूति भएको, गर्भवती भएको सुनिश्चित भएपछि फोलिक एसिड सुरु गरेको, ३ महिनापछि जुकाको औषधी खाएको, कम्तीमा ४ पटक गर्भ जाँच गरेको, टी.डी. खोप लगाएको, गर्भवती र सुत्केरी अवधीमा २२५ वटा आईरन र क्यालसियम खाएको, बच्चाको जन्मतौल २.५ केजीभन्दा माथि भएको, पिनसी जाँच ३ पटक गरेको, सुत्केरीपछि बच्चालाई पूर्णरुपमा स्तनपान गराएको र समयमै अन्य खानपान सुरु गरेको, प्रोटोकलअनुसार बच्चालाई पूर्णखोप लगाएको, सूचक पूरा हुनुपर्दछ ।

यसैगरी प्रत्येक महिना बच्चाको तौल तथा उचाई नापजाँच गरेको, बालभिटा खुवाएको, बच्चालाई नियमित रुपमा भिटामिन र जुकाको औषधी खुवाएको, बच्चा जन्मिएपछि हालसम्म कार्ड रुजु गरेको, आमा र बच्चाको सरसफाइ नियमित रुपमा भएको, गर्भान्तर कम्तिमा २ वर्षको रहेको, आमा र बच्चा कुपोषित नभएको, धुम्रपान र मध्यान नगर्ने आमा, बच्चाको जन्मदर्ता गरेको, महिनावरी स्वच्छतासम्बन्धी ज्ञान भएको जस्ता २२ वटा स्वास्थ्य सूचकहरु पुरा गर्ने आमाहरु, स्माट आमाको रुपमा सम्मानित भएका हुन् । गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारी, उपाध्यक्ष राधाकुमारी श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत वीरबहादुर पुन, विभिन्न वडाका वडा अध्यक्षहरु, स्वास्थ्य शाखा प्रमुख शिवप्रसाद अर्यालगायतले टिकामाला, दोषल्ला लगाई स्माट आमाहरुलाई सम्मान गरे ।

गर्भ रहेदेखि बच्चा २ वर्षको उम्मेर हुँदासम्मको २०८१ साल फागुन १ गतेदेखि २०८२ साल फागुन मसान्तसम्म १ हजार दिन पूरा भएका आमाहरुको २२ वटा स्वास्थ्य सूचकहरुको वडा वडाका स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, महिला स्वयम्सेविकाका परीक्षण गरी ११० अंक ल्याएका मध्येमा प्रथम, द्वितीय र तृतीय स्थान ल्याएका स्माट आमाहरुलाई पालिकाले उच्च मूल्याङ्कन गरी सम्मान गरेको हो ।

सम्मानित हुने स्माट आमाहरुमा वडा नं. १ बाट ३३ जना आमाहरुमध्ये, बोलकुमारी थापा, सरस्वती घर्ती, हेमा राना वडा नं. २ बाट १७ जना आमाहरुमध्ये, सावित्रा सुनारी, धनिमाया सिंजाली, हेमा राना, वडा नं. ३ बाट ४८ जना आमाहरु मध्ये उमा सारु थापा, सीताकुमारी भुल, टिकाकुमारी भ्रेडी, वडा नं. ४ बाट २० आमाहरुमध्ये मनिषा मश्राङ्ग र वडा नं. ५ बाट २० आमाहरुमध्ये यस्मिता केम्छाकी, निरमायाँ सिंजाली र केशरी सारु रहेका छन् । पालिकाबाट १३८ जना आमाहरु प्रतिष्पर्धामा सहभागी भए पनि १५ जना स्माट आमाहरु सम्मानित भएका हुन् ।

गाउँपालिकाले २०८७ साल जेठ मसान्तसम्म रम्भा गाउँपालिकालाई पोषणमैत्री स्थानीय शासन कार्यान्वयन भएको गाउँपालिका घोषणा गर्ने अभियानका साथ स्माट आमा सम्मान कार्यक्रम सञ्चालन गरेको हो । पोषणमैत्री गाउँपालिका घोषणा हुनको लागि स्वास्थ्य, महिला तथा बालबालिका, शिक्षा, खानेपानी, सरसफाइ र स्वच्छता, कृषि, पशुपंक्षी र शासकीय स्वचछता गरी ७ वटा क्षेत्रबाट ५१ वटा सूचकहरु पूरा हुनुपर्ने प्रावधान रहेको छ।

पालिकाको स्वास्थ्य शाखाले पोषणसम्बन्धी चालु आर्थिक वर्षमा भएका कामहरु कार्यक्रममा जानकारी गराएको छ । कम तौल भएका एक वटा पनि बच्चा नजन्मिएको, ६ महिनादेखि ५ वर्षसम्मका ७२४ जना बालबालिकाको स्वास्थ्य परीक्षणमा ८ जना मध्यम कुपोषित र १ जना कडा कुपोषित मात्र भेटिएको, पालिकाको सबै विद्यालयमा १० वर्षदेखि १९ वर्षसम्मका ४३५ जना किशोरीहरुको रक्तअल्पता परीक्षण गरेको जसमा २६ जना मोडेरट र ५६ जना मिल्ड लक्षण देखिएको, ४२६ जना आमाहरुलाई तरकारी बिउबिजन वितरण गरेको, १७३ जना गर्भवती महिलाहरुलाई पानी शुद्धीकरण गर्ने स्टिल फिल्टर वितरण गरेको, वडा नं. १ हुँगी र वडा नं. ३ पिपलडाँडा स्वास्थ्य चौकीलाई पोषणमैत्री संस्था घोषणा गरिएको, बालबालिकाहरुलाई पोषण स्वास्थ्य समस्या समाधानको लागि ४ वटा ओटिसी उपचार केन्द्र सञ्चालनमा आएको पालिका स्वास्थ्य शाखा प्रमुख शिवप्रसाद अर्यालले जानकारी गराए ।

# सरकारद्वारा सय दिनका उपलब्धि सार्वजनिक




बुटवल । सरकारले आफ्ना सय दिनको मुख्य ‘उपलब्धि’ सार्वजनिक गरेको छ । शनिबार सिंहदरबारमा पत्रकार सम्मेलन गरी सरकारको उपलब्धि सार्वजनिक गरिएको हो ।

गत वर्ष चैत १३ गते प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) नेतृत्वको मन्त्रिपरिषद्को पहिलो बैठकबाट शासकीय सुधारका १०० कार्यसूची स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले बताए।

सरकारले घोषणा गरेको शासकीय सुधारसम्बन्धी १०० कार्यसूची कार्यान्वयनको प्रगति ८७.२ प्रतिशत रहेको प्रवक्ता सस्मित पोखरेलले बताए। १०० बुँदे कार्यसूचीको ७० वटा बुँदा कार्यान्वयन भइसकेको उनले जानकारी दिए।

उनका अनुसार १७ बुँदाको प्रगति ८० प्रतिशत माथि छ भने १३ बुँदाको प्रगति ६० प्रतिशतभन्दा कम रहेको छ।

वर्तमान सरकारले गत चैत १३ गते समग्र कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी, मापनयोग्य र जवाफदेही बनाउन तथा नागरिक जीवनमा प्रत्यक्ष सुधार ल्याउने उद्देश्यसहित नतिजामा आधारित शासकीय प्रबन्ध लागू गर्ने घोषणा गरेको थियो।

मन्त्रालयको संख्या घटाएर १८ कायम गरिएको प्रवक्ता पोखरेलले बताए । उनले मन्त्रालयको स‌‌ङ्ख्या घटाएसँगै वार्षिक करिब रु २० अर्ब राज्य कोषमा बचत हुने अनुमान गरिएको जनाए।

यसैगरी उनले अन्य संरचनाहरु खारेजी र समायोजन आदिबाट खर्च कटौती गरी कार्यक्षमता बढाउने जनाउँदै राजनीतिक दल निकट ट्रेड युनियन, विद्यार्थी सङ्गठन खारेजीलगायतका सुधारात्मक कार्यबाट सकारात्मक सन्देश गएको बताए। यो अवधिमा सुशासन, भ्रष्टाचार नियन्त्रण र सार्वजनिक सेवामा सुधार गरिएको उनले उल्लेख गरे । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, सार्वजनिक र सरकारी सम्पत्तिको संरक्षणलगायत कार्यलाई प्राथमिकता दिइएको उनले जनाए।

सरकारले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागद्वारा राज्यकोषको दोहन तथा नीतिगत सेटिङमा संलग्न भएका व्यक्तिहरूलाई वित्तीय अपराध तथा सम्पत्ति शुद्धीकरणको कसुरमा कानुनी दायरामा ल्याउने काम तीव्र रूपमा भइरहेको जानकारी गराएको छ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागद्वारा सात वटा मुद्दा दायर गरी १०१ जना प्राकृतिक तथा कानुनी व्यक्तिहरूलाई प्रतिवादी बनाई ११८ अर्बको बिगो दाबी कायम गरिएको उनले जानकारी गराए।

भ्रष्टाचार नियन्त्रणलाई प्रणालीगत बनाउन बैङ्क खाता डिजिटल वालेट, सेयर लगानी तथा अन्य वित्तीय गतिविधिलाई समेटेर एकीकृत डिजिटल सम्पत्ति लगत स्थापनाको प्रक्रिया सुरु भएको समेत उनले बताए । अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, नेपाल राष्ट्र बैंकको समन्वयमा यस प्रणालीको विकास र सञ्चालनको मोडालिटी तयार भइरहेको उनले जनाए।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सट्टेबाजी एप र त्यससम्बन्धी वेभसाइट २४ घण्टाभित्र बन्द गर्नुपर्ने निर्णय भएअनुसार विभिन्न सेवा प्रदायकबाट २ लाखभन्दा बढी डोमिन लिङ्क बन्द गरिएको उनको भनाइ छ।

# सय बुँदा कार्यान्वयनमा असफल: कांग्रेस




बुटवल। प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले रास्वपाका वरिष्ठ नेता बालेन शाह नेतृत्वको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूची कार्यान्वयन गर्न असफल भएको निष्कर्ष निकालेको छ।

संसदीय दलका नेता भीष्मराज आङदेम्बेको अध्यक्षतामा सिंहदरबारमा बसेको मन्त्रालयगत जिम्मेवारी पाएका संयोजकको बैठकले सरकारको कार्यसम्पादन सन्तोषजनक नभएको निष्कर्ष निकालेको हो।

कांग्रेसको निर्णयमा भनिएको छ-‘शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीहरूको प्रभावकारी कार्यान्वयन नभएका विषयहरूलाई सशक्त रूपमा संसद्मा उठाउने, सरकारका कार्यप्रगतिका नियमित अनुगमन गर्ने र सरकारलाई जवाफदेही बनाउन संसद्मा प्रमुख प्रतिपक्ष दलको हैसियतले थप सक्रिय भूमिका निर्वाह गर्ने।’

मन्त्रालयगत संयोजकद्वारा प्रस्तुत प्रतिवेदनमाथि समीक्षा गरी प्राप्त सुझाव तथा निष्कर्षअनुसार आवश्यक सुधारात्मक कार्यहरू अगाडि बढाउन तथा कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराउने समेत बैठकले निर्णय गरेको छ।




आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com